रामेछाप जिल्ला अदालत
मन्थली
२०२१

# रामेछाप जिल्ला अदालतबाट जारी गरिएको सूचना

कोभिड-१९ को कारणवाट जिल्ला प्रशासन कार्यालय रामेछापले मिति २०७८।१।२१ देखि निषेध आदेश जारी गरेको कारणले रामेछाप जिल्ला अदालतमा मिति २०७८।१।२१ देखि मिति २०७८।३।५ सम्म सेवा संकुचन गरिएको थियो । यस अदालतमा मिति २०७८।३।६ देखि अर्को निर्णय नभएसम्म तोकिएका सेवाहरु थप गरिएको थियो । सर्वोच्च अदालतको मिति २०७८।३।३१ को पूर्ण वैठकको निर्णय पश्चात जारी मिति २०७८।४।१ को प्रेस विज्ञप्तिमा "सवै अदालतमा मिति २०७८।१।१५ देखि मिति २०७८।४।१४ सम्म अवधिको हदम्याद, म्याद, तारेख थाम्ने, थमाउने सम्बन्धमा यस अदालत वृहत पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश वमोजिमको सुविधा मिति २०७८।४।१५ देखि लागु हुने गरी उपलव्ध हुने" भनी जारी भएकोले यस रामेछाप जिल्ला अदालतमा मिति २०७८।१।२१ देखि ०७८।४।१४ सम्मको अवधिमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरु मिति २०७८।४।१५ देखि वाटाको म्याद वाहेक ३० दिन भित्र उपस्थित हुनु हुन साथै ०७८।४।१५ देखि यस अदालतमा सवै प्रकारका सेवाहरू स्वास्थ्य सुरक्षा सम्वन्धी निर्धारित सम्पूर्ण मापदण्डहरूको पूर्ण पालना गरि सञ्चालन हुने हुँदा सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७८।४।१४
सेस्तेदार
उप-सचिव